# २०६३ साल बैशाल २९ गते चितवन जिल्लाको जगतपुर गा.वि.स.५ को कृण्णचोकमा माओबादीद्धारा स्थानीय बासिन्दा तथा पुर्व माओबादी कार्यकर्ता प्रेम बहादुर ठोकरको हत्याकाण्डको अद्यन प्रतिवेदन

## पृष्टभुमी,

ने.क.पा.(माओबादी) ले युद्ध विराम गरेको समयमा पनि हत्या जस्तो अमानविय घटना गरेकोले उक्त घटनाप्रति इन्सेकको ध्यानाकर्ष भएको हो । उक्त समचार इन्सेक अनलाइन, कान्तिपुर, अन्नपुर्णपोष्ट लगायतका अन्य दैनिक पत्रिकामा प्रकाशित भएपछि त्यसको यर्थातता पत्ता लगाइ सत्य तथ्य कुरा थाहा पाउने उदेश्यले इन्सेक र एडभोकेसी फोरम मिली घटनाको अद्यन गर्न २०६३ साल जेठ २ गते घटनास्थल तर्फ प्रस्थान गरेको थियो । उक्त टोलीमा इन्सेकका लोकराज अवस्थी र एडभोकेसीका के. पी. पाठक संलग्न थिए । घटना स्थलमा गएर अद्यन गर्दा निम्न अनुसारको विवरण तथ्य फेला परयो ।

## घटनाको बिस्तृत विवरण

जगतपुर गा. वि. स. वार्ड नं ५ शंकरपुर बजारमा प्रेम ठोकर लगायतका अन्य ५ जनाको समुहले दिनानुदिन लुटपाट, चन्दा असुली र धम्क्याउने कार्य बिगत २ बर्ष देखि लगातार गर्दै आएकोले उनीहरुको गतिविधिवाट हैरान भएपछि बजारका ब्यापारीहरुले बजार सुरक्षा समिति गठन गरेको कुरा त्यहाका ब्यापारी भरत गुरुङले बताए । ब्यापारी भरत गुरुङका अनुसार प्रेम बहादुर ठोकर बिगत २ बर्ष पहिले माओबादी गा. ज. स. प्रमुख तथा डब्लु. टी. कार्यकर्ता भएको तर पछि पार्टीवाट निस्कासित गरेपछि पनि उसले म माओबादी हु तिमीहरुले चन्दा दिनु पर्छ नदिए पार्टीले कारबाही गर्छ भनेर धम्क्याउदै लुटपाट गर्दै आएका थिए । तर गाउलेले डरका कारण कुनै प्रतिकार नगरि माग बमोजिम चन्दा लगायतका अन्य सामाग्री मागे अनुसार दिइराखेका थिए ।

यसै सिलसिलमा २०६३ साल बैसाख १४ गते बेलुका करिब ७ बजेतिर शंकरपुर चोकमा स्थायी बसोबास गर्दै आएका पूर्व सैनिक टुक बहादुर राइको घरमा रक्सि पिएर प्रेम ठोकर र बिन्दु मोक्ताङ (सिट्टी) जथाभावी बोल्दै ज्यान जार्ने धम्कि दिदै जथाभावी खुकुरी चलाउदा थाले । पछि परिवारका सदस्यले किन गाली गरेको , हामीले के गरेका छौ भन्दा प्रेम

ठोकरले खै तरो सालो बेन राना काहा छ ? भनेर खुट्टाबाट खुकुरी झिकेर झयालमा २ चोटी प्रहार गरेका थिए । पछि गएर गाउलेहरु जम्मा भए पछि दुबै जना भागेका थिए । त्यही घटनालाइ लिएर बजार सुरक्षा समितिले ३ दिने म्याद दिइ माफी माग्न भनेका थिए तर एक हप्ता बित्दा पनि प्रेम ठोकर नआए पछि बजारियाहरुले मौखिक रुपमा माओबादीलाइ उजुरी दिएका थिए ।

त्यस पछि बजारीयाहरुको मौखिक उजुरीको आधारमा माआेबादीले २०६३ साल बैशाख २९ गते दिउसो लगभग ३ बजे ५ जनाको समुहले के छ प्रेम जी जाउन यार माथी सम्म यसो गफगाफ गरौन भनेर घर भन्दा अलि तलको सिसौका जंगलबाट माथी नयाबस्तीको मन्दिर तिर लगेका थिए । माओबादी सादा पोसाकमा आउका थिए भने ति मध्य एक जनाी केटी र ४ जना केटाहरु थिए । तिनीहरु सबैजना २०,२२ उमेरका थिए । तिनीहरुले प्रेम बहादुरलाइ मन्दिर पछ्राडीको जंगलमा लागि लगभग डेढ घण्टा सम्म अमानविय तरिकाले पिटेका थिए । पिटदा खेरी लौराले, पेटी, बुटले खुट्टा देखि टाउको सम्म मरणासन्न हुने गरि पिटेका थिए । जीउ भरि नीलाकाला डामहरु हुन्जेल सम्म पिटेका थिए । प्रत्यक्षदर्शीका अनुसार पिटदाखेरी प्रेम बहादुरले पानी पानी भन्दा यस्ता अपराधीलाइ पानी किन खुवाउने भन्दै मुखमा लात्तीले हिर्काएको बताए । बेहोस हुने गरि पिटेपछि प्रेम बहादुरलाइ साइकलमा राखेर पुरै गाउ घुमाएको गाउलेले बताए । साइकलमा घोप्टो पारेर राखेका थिए र गाउ घुमाउदा पनि पानी पानी भनेर प्रेम बहादुर भन्दा पनि माओबादीले कुनै वास्ता नगरेको उल्टा गाउलेले पानी दिन खोज्दा रोकेको बताए ।

सोही दिन वेलुका करिब ५ बजेतिर माआबादीले प्रेम बहादुरलाइ शंकर चोकमा ल्याइ जम्मा भएका गाउलेलाइ सम्बोधन भाषण गरेका थिए । भाषणमा प्रेम बहादुर जस्तै बिन्दु मोक्ताङ सहित अन्य ४जनालाइ कारबाही गर्ने धम्की दिएका थिए । उनीहरुले भाषण गर्दा गर्दै प्रेम बहादुर बेहोसको भईसकेका थिए । त्यस पछि माओबादीले मेघोली हेल्थपोष्टका अहेवलाइ ल्याएर उपाचार गर्न भने पछि अहेवले चेक गर्दा प्रेम बहादुरको शास मात्र बाकी रहेको थियो । शरीर पुरै पहेलो भइसकेको कुरा मेघोली हेल्थपोष्टका अहेवले बताए । उनले तत्काले अस्पताल लिने सल्लाह दिए पनि माआबादीले बा १४ प ३९३६ नम्बरको मोटरसाइकलमा राखेर नजिकैको जंगलमा फालेर भागेका थिए । पछि प्रेम ठोकर की श्रीमति सहित गाउलेले उक्त घटनास्थलमा आउदा प्रेम बाहदुर मरिसकेको कुरा उनकी श्रीमतिले बताइन । पछि उनीहरुले लासलाइ बोकेर जिल्ला प्रहरी कार्यालय चितवनमा लगि पोष्मार्टम गरेको जानकारी गाउलेले दिए । त्यसपछि

लासलाइ पाष्टमार्टम गरि  घरमा लगेर दाहसंस्कार गरेको कुरा प्रमे ठोकरका भाइ आइत बहादुर  ठोकरले बताए ।

## प्रेमबहादुरको बारेमा गाउलेको भनाइ

प्रेमबहादुर ठोकर बिगत २ बर्ष पहिले मऔबादीमा गएको र पछि माओबादीले कारबाही गरेपछि पनि म माओबादी हु भन्दै गाउलेलाइ धमक्याउदै हिड्ने गर्दथ्यो । पहिले पनि गाउमा रक्सि खाएर  गाउलेसँग झगडा गर्ने लगायतका नराम्रा काम गर्दै हिड्थ्यो । रक्सिले उसलाइ क्षेयरोग लागेर स्वास्थ्य स्थिति कमजोर भइ  सकेको थियो । बिगत देखि नैतिकता पतन भएको मान्छे हो भन्ने भनाइ थियो ।

## प्रेमबहादुरको परिवारको भनाइ

प्रेम बहादुरको परिवारले पनि प्रेम बहादुर माओबादी भएको स्वीकार गरे पनि गाउलेले भने जस्तो खराब आचरण भएको चाहि नभएको बताए । घरपरिवारमा राम्रो मेलमिलाप गरेर बस्ने ,घरपरिवारको घर खर्च पनि आफैले बेहोर्ने बताए । तर क्षयरोग लागेको र औषधि सेवन गरि राखेको कुरा स्वीकार गरे । हामी घटनास्थलमा जादा उहाकी पत्नीले आफनो श्रीमान निर्दोष भएको र बिनाकारण हत्या गरेको कुरा बताए ।  माओबादीले लाग्नेको हत्या गरपछि आफुलाइ नभेटेको , क्षतिपुर्ति पनि नदिएको , पत्रपत्रिकाले गलत समचार लेखेको जस्ता आरोप लगाइन । प्रेम बहादरका भाइ आइतबहादुर ठोकरले पनि आफनो दाइ बिरमी भएको कुरा थाहा पाउदा पाउदै पनि माओबादीले अमानबिय तरिकाले मारेको , एक चोटी पनि सफाइको मौका नदिएको , लगायतका कुरा बताए ।

## प्रेम बहादुरको पारिवारिक स्थिति

अनुगमन टोली घरमा पुग्दा एउटा सानो खरले छाएको घर । ढोकाको छेउछाउमा साना छोराछोरी पल्टि रेखेका थिए । सानो घर भित्र ५, ७ जना निसासिएर बसेको अवस्था थियो । हामी गए पछि सबै जना बाहिर आए । सबैसँग स्थिति बुझ्दा  सुकुमबासी परिवार र कमाइ खाने कुनै पनि जग्गा नभएको , गाउको सामुदायिक वनको हेरचाह गरे वाफत घर वनाउने सानो जग्गा दिएको , अर्काको भारी बोकेर , खेतमा काम गरेर जीवन यापन गरि

राखेको कुरा थाहा भयो । छोराछारीले फाटेका लुगा लगाएका थिए भने अन्य परिवारसँग बुझ्दा दैनिक जीवन यापन गर्न पनि धौ धौ भइराखेको बताए ।

## माओबादीको धारणा

सबैसँग सोधखोज गरि सके पछि माओबादीलाइ भेटनका लागि गाउलेसँग अनुरोध गरे पनि लामो समय सम्म भेटन  सकिएन । साझपख बल्ल बल्ल एक जना जिल्ला स्तरिय अखिल क्रानिकरीका स्थानीय नेता सुमन ढकालसँग भेटघाट भए पनि उहाले घटनाको बारेमा आफुलाइ त्यति थाहा नभएको बताए ।  हामीसँग बोल्न पनि डराए । अर्को दिन बिहान स्थानीय  रिलेकका साथीहरुको पहलमा माआबादीका जिल्ला सेक्रेटरी घनश्याम उर्फ अविनाशसँग भेट भयो । भेटका क्रममा उहाले यो घटना पार्टीको निति भन्दा बाहिर गएर भएको हो । यसमा हामीले प्रेस बक्तव्य निकाली माफी मागी सकेको बताए । प्रेम बहादुर ठोकरलाइ मार्ने नियतले नभइ केबल जनताको साम् उभ्याई  माफी मागाउने कुरा भए पनि उ माथी सामान्य  कुटपिट भएको र टिबीका हृदयघात भएर मरेको बताए । उक्त  घटनाका दोषीलाइ श्रम शिबिरमा राखेर कारबाही भइरहेको जानकारी दिए  । तर कुन किसिमको कारबाही हो त्यो भने बताउन चाहेनन । साथै उहाले प्रेमबहादुरको परिवारलाइ क्षतिपुर्ति स्वरप रु ५,००० सहयोग गरेको कुराको पनि जानकारी दिए ।  अब देखि यस्ता घटना हुन नदिन पार्टी जिम्मेबार भएर अगाडी बढने र प्रेम बहादुरको परिवारलाइ भेटघाट गर्ने कुरामा  प्रतिबद्धता पनि ब्यक्त गरे ।

## निष्कर्ष

घटनाको बारेमा अद्यन गर्दा प्रेम बहादुरको बानी बेहारा नराम्रो भए पनि माओबादीले मान्छेको बाच्न पाउने नैसर्गिक अधिकारको हनन गरेका छन । सम्बन्धित सबै पक्षसँग सोधपुछ गर्दा प्रेम बहादुर ठोकरको हत्या  जुन सुकै नियतले गरे पनि  मानविय कानुन बिपरित  हो भन्ने बुझिन्छ । किनभने युद्धमा प्रत्यक्ष सहभागी नभएका र माओबादीले युद्धबिराम गरि हत्या हिंसा बन्द गर्ने प्रतिबद्धता  समेत जाहेर गरेको बर्तमान परिस्थितिमा यस्तो अमानबिय कार्य हुनु घोर निन्दा एवम आपत्ति जनक कार्य हो । माओबादीका अध्यक्ष प्रचण्डले बारम्बार अर्न्तराष्ट्रिय कानुनको पालना गर्ने प्रति बद्धता जनाए पनि यस घटनाले माओबादीले मानबिय कानुन  र अर्न्तराष्ट्रिय कानुनको पालना नगरेको स्पष्ट हुन्छ । यस्ता कार्य नघटन दिन माओबादीले आफना तल्ला स्तरका कार्यकर्तालाइ बेलैमा सजग पार्न अत्यन्त जरुरी

देखिएको छ । नत्र भने आगामी दिनमा पनि यस्ता घटना घटन सक्ने प्रबल सम्भावाना देखिन्छ ।

अद्यनटोली
लोकराज अवस्थी
अनौपचारीक क्षेत्र सेवा केन्द्र (इन्सेक)